नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३/२०७६/७७ मितिः- २०७६/१२/०९
चलानी नं.:- ३५२

विषयः- आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ सम्बन्धमा।

श्री श्री स्थानीय तहहरु, (सबै) ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३८९, मिति २०७६/११/२७ को सहजीकरण र समन्वय सम्बन्धी प्राप्त पत्र र आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण समन्बन्धी मापदण्ड, २०७६ संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाट अवगत गर्नुभई आवश्यक सहयोग र समन्वयको लागि आदेशानुसार अनुरोध छ।

..................
चिरन्जीवी नेपाल
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(विद्यालय शिक्षा शाखा)

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्याः२०७६।०७७
चलानी नं.:- ३८५

सिंहदरबार,
काठमाडौं, नेपाल।
मितिः २०७६।११।२७

विषय : सहजीकरण र समन्वय सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (१४) बमोजिम स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको स्तरीयता, प्रमाणीकरण र समकक्षतामा मुलुकभर एकरुपता कायम गर्न माननीय मन्त्रीबाट मिति २०७६।११।२१ मा स्वीकृत भएको आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयनका लागि सबै स्थानीय तहमा सहजीकरण र समन्वय हुन उक्त मापदण्ड यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(बालकृष्ण सिंखडा)
शाखा अधिकृत

फोन नं.:
वेबसाइटः www.moest.gov.np

# आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं

# विषयसूची


पृष्ठ

प्रस्तावना ... १

परिच्छेद - १

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ ... १
२ परिभाषा ... १

परिच्छेद - २

परीक्षा समिति सम्बन्धी व्यवस्था

३ परीक्षा समिति ... १
४ परीक्षा समितिका काम, कर्तव्य र अधिकार ... २

परिच्छेद - ३

प्रश्नपत्र निर्माण, परिमार्जन, छपाई र वितरण

५ विषय विज्ञको सूची अद्यावधिक गर्ने ... ३
६ प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्ने ... ३
७ प्रश्न बैंक सम्बन्धी व्यवस्था ... ४
८ प्रश्नपत्र छपाई तथा वितरण ... ४

परिच्छेद - ४

परीक्षा सम्बन्धी व्यवस्था

९ परीक्षा आवेदन फारम भर्नु पर्ने ... ४
१० परीक्षार्थीको किसिम ... ४
११ प्रवेशपत्र विना परीक्षा दिन नपाउने ... ५
१२ परीक्षा सञ्चालन ... ५
१३ परीक्षाको माध्यम भाषा ... ५

परिच्छेद - ५

नतिजा प्रकाशन, प्रमाण पत्र वितरण, पुनर्योग र पुनः परीक्षण

१४ नतिजा प्रकाशन ... ५
१५ प्रमाणपत्र दिनु पर्ने ... ६
१६ पुनर्योग ... ६
१७ पुनः परीक्षण ... ६

परिच्छेद - ६

विविध

१८ विशेष परिस्थितिमा परीक्षा सञ्चालन ... ६
१९ असमर्थ परीक्षार्थी सम्बन्धी व्यवस्था ... ६
२० स्तरीकृत परीक्षा ... ७
२१ ग्रेडवृद्धि परीक्षा ... ७
२२ प्रयोगात्मक परीक्षाको अडिट गर्न सकिने ... ७
२३ विदेशमा सञ्चालित विद्यालयको सम्बन्धमा विशेष व्यवस्था ... ७
२४ बाझिएमा अमान्य हुने ... ८
अनुसूचीहरू ... ९-११

# आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६

**प्रस्तावना** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ज. को उपखण्ड (१४) बमोजिम स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षाको स्तरीयता, प्रमाणीकरण र समकक्षतामा मुलुकभर एकरुपता कायम गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ को खण्ड १५ को उपखण्ड १० बमोजिम नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देहायको मापदण्ड वनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्वन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अडिट" भन्नाले पाठ्यक्रमले निर्धारण गरे बमोजिम आधारभूत तह कक्षा आठको प्रयोगात्मक परीक्षाको मापन तथा मूल्याङ्कन प्रक्रियाको सत्यापन कार्य सम्झनु पर्छ ।

(ख) "परीक्षा" भन्नाले आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(ग) "परीक्षा समिति" भन्नाले दफा ३ बमोजिमको परीक्षा समिति सम्झनु पर्छ ।

(घ) "प्रमाणपत्र" भन्नाले परीक्षा समितिवाट उपलब्ध गराइने ग्रेड सिट र प्रमाणपत्र सम्झनु पर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले गाँउपालिका र नगरपालिकालाई सम्झनु पर्छ र सो शव्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ ।

परिच्छेद-२

## परीक्षा समिति सम्बन्धी व्यवस्था

३. **परीक्षा समिति** : स्थानीय तहबाट सञ्चालन हुने परीक्षालाई मर्यादित र विश्वसनीय बनाउन स्थानीय तहको कार्यपालिकाले तोके बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा